नेपाल सरकार
Government of Nepal
गृह मन्त्रालय
Ministry of Home Affairs
जिल्ला प्रशासन कार्यालय, स्याङ्जा
District Administration Office, Syangja

फोन: (Phone): 063-420210
फ्याक्स (Fax): 063-420211
e-mail:syangjadao.42@gmail.com

पत्र संख्या (Despatch No.):
चलानी नं.: (Ref.No.): १०३८

मितिः २०७६।५।६

श्री गृह मन्त्रालय
शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा
सिंहदरबार ।

विषयः विप्लव समूह छाड्नेहरुको विवरण पठाइएको ।

नेपाल सरकारले आतङ्ककारी घोषणा गरे पश्चात् विभिन्न माध्यमबाट विज्ञप्ती प्रकाशित गरी उक्त दल छाडेका तथा अन्य पार्टीमा प्रवेश गरेका विप्लव समूह सम्बद्ध देहायका व्यक्तिहरुको विवरण संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

तपसिल

| क्र.सं. | नाम थर | पद | छाडेको मिति | कैफियत |
|---|---|---|---|---|
| १. | डा. शेर बहादुर थापा | जिल्ला सदस्य | २०७५।११।३० | पार्टी परित्याग |
| २. | राजु पौडेल | प्रतिनिधि सभा प्रमुख | २०७६।०२।११ | नेकपा प्रवेश |
| ३. | शेर बहादुर राना | जिल्ला सदस्य | २०७६।४।२२ | पार्टी परित्याग |
| ४. | मकबुल मियाँ | ऐ ऐ | ऐ ऐ | पार्टी परित्याग |
| ५. | रमेश कोइराला | पुतलिबजार न क सदस्य | ०७६।४।२५ गते | पार्टी परित्याग |
| ६ | भुवन मल्ल | भिरकोट न क सदस्य | ऐ ऐ | पार्टी परित्याग |
| ७. | सन्तोष परियार | जिल्ला सदस्य कास्की | ०७६।४।२३ | पार्टी परित्याग |
| ८. | प्रेम अधिकारी | जिल्ला सदस्य | ०७६।५।५ | पार्टी परित्याग |

५।६

(कोशहरि निरौला)
प्रमुख जिल्ला अधिकारी

२०७६।०४।२४

# प्रेस विज्ञप्ति

स्याङ्जा जिल्ला भीरकोट नगरपालिका वडा नं २ बाहखोला बस्ने म भुवन मल्ल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भीरकोट नगर कमिटीको सदस्य समेत छु । म एक व्यवसायिक कृषक समेत हुँ । मैले बाहखोला केघा भन्ने स्थानमा व्यवसायिक बाख्रा फर्म समेत संचालन गर्दै आइरहेको छु ।

पछिल्लो समय देशमा विप्लव समूहबाट भए गरेका विध्वंसनात्मक गतिविधिको निगरानीमा मलाई समेत राखिएको र जिल्ला प्रहरी कार्यालयको प्रतिवेदनले संगठित रुपमा आपराधिक लाभ लिई विध्वंसात्मक कार्य गरेको समेत अभियोग लागेको हुँदा म यि कुनै विध्वंसात्मक गतिविधिमा नभएको स्पष्ट पार्न चाहन्छु । मेरो विप्लव माओवादीसंग कहि कतै संलग्नता नभएको पनि सबैमा सार्वजानिक गर्न चाहान्छु । मैले मुलुकको विद्यमान कानुनको अधिनमा रहेर नै चल्ने प्रतिवद्धता जाहेर गर्दछु । शान्ति सुरक्षा कायम गर्ने निकाय र आम जन समुदायमा कही कतै भ्रम नराख्न यो प्रेस विज्ञप्ति जारी गरेको छु ।

भुवन मल्ल

भीरकोट नगरपालिका -२,

स्याङ्जा

9846024373

३४

मिति २०७६/०४/२२

भीरकोट नगरपालिका वडा नं ७ निवासी वर्ष ५१ को म शेर बहादुर राना मिति २०४७ सालमा राष्ट्रिय जनमोर्चा पार्टी (मसाल) हुँदै पार्टि एकता केन्द्र पछि नेकपा माओवादी हुँदै २०७३ सालमा नेकपा विप्लवको नेतृत्वको पार्टिमा प्रवेश गरि जिल्ला सदस्य तथा अखिल नेपाल किसान महासंघ जिल्ला संयोजक भई काम गर्दै आएको अवगत गराउन चाहन्छु ।पछिल्लो समयमा आएर म क्रियासिल रहेको पार्टि विप्लव समुहले हिंसात्मक गतिविधि र एकिकृत जनक्रान्तिको कार्य दिशा छाडेकाले र आफ्नो स्वास्थ्य कमजोर भई सो पार्टीमा रहि काम गर्न नसक्ने भएकाले आजको मितिबाट यो नेपाल कम्युनिष्ट पार्टी विप्लव नेतृत्वको पार्टीमा मेरो कुनै सम्बन्ध नरहेको र नेपाल कम्युनिष्ट पार्टी विप्लवको साधारण सदस्य समेत नरहने गरि कुनै पनि पार्टीमा नलाग्ने र स्वतन्त्र नागरिक भएर बस्ने इच्छा भएकाले पार्टीबाट राजिनामा दिएको छु।

३।।८।३८

शेर बहादुर राना
भीरकोट न.पा. ७
स्याङ्जा ।

# प्रेश विज्ञप्ति

मिति २०७६/०४/२२

भीरकोट नगरपालिका वडा नं १ निवासी वर्ष ५३ को म मकवुल मिया मिति २०४० साल देखि निरन्तर कम्युनिष्ट विचार र पार्टीमा सक्रिय रहि देश र जनताको भलो चाहने भएका कारण नेपाल कम्युनिष्ट पार्टीहरुमा माक्सवादी चिन्तन हरण भएको र पछिल्लो चरणमा क. विप्लव नेतृत्व नेकपा मा पनि हिंसात्मक गतिविधि र एकिकृत जनक्रान्तिको कार्य दिशा छाडेकाले मिति २०७४/०२/०१ मा पार्टी छाडदा उक्त पार्टीले कारवाही गरिसकेको र दोस्रो चरणमा यस्तो ध्वंसात्मक गतिविधि प्रति आफू चिन्तित रहि जहिले पनि देश र जनताको शान्ति र सौम्य चाहने भएकाले यस नेकपा पार्टीमा मेरो कुनै सम्बन्ध नरहेको र क. विप्लव नेतृत्व नेकपा को साधारण सदस्य समेत नरहने गरि स्वतन्त्र नागरिक भई बस्ने व्यहोरा आम रुपमा जानकारी गराउँदै क. विप्लव नेतृत्व नेकपा पार्टीबाट राजिनामा दिएको छु ।

मकवुल मियाँ

भीरकोट न.पा. १

स्याङ्जा ।

मिति:-२०७६।०४।२५

# प्रेस बिज्ञप्ति

स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. १० राङखोला निवासी म रमेश प्रसाद कोइराला नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा आस्थारत छु । म जीवनयापनका सर्न्दभमा बैदेशिक रोजगारी गर्दै हाल घरमा सामान्य खेती किसान गर्दै आइरहेको छु ।

पछिल्लो समय देशमा बिप्लब समूहबाट भए गरेका विध्वसनात्मक गतिबिधिको निगरानीमा मलाई समेत राखिएको र सम्माननिय जिल्ला अदालतबाट पक्राउ पुर्जी बमोजिम उपस्थित हुन आउने सूचना आएता पनि म बिप्लब माओबादी सँग कही कतै संलग्नता नभएको पनि सबैमा सार्वजानिक गर्न चाहान्छु । मैले मुलुकको बिद्यमान कानुनको अधिनमा रहेर नै चल्ने प्रतिबद्धता जाहेर गर्दछु । शान्ति सुरक्षा कामय गर्ने निकाय र आम जन समुदायमा कहि कतै भ्रम नराख्न यो प्रेस बिज्ञप्ति जारी गरेको छु ।

रमेश प्रसाद कोइराला
पुतलीबजार -१० स्याङ्जा
राङ्खोला

9706662968

मिति २०७६।०४।२३ गते

# विज्ञप्ति

जनताको मुक्ति र अधिकारको लागी ऐतिहासिक दश वर्षे जनयुद्ध मार्फत राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । संविधान सभा मार्फत केहि अपुग भएपनि समाजवाद उन्मुख संविधान जारी भएको छ । राज्य व्यवस्था कस्तो हुने, कस्तो बनाउने, समाजवाद प्राप्तिका लागी कुन बाटो अपनाउने भन्ने विषयमा कम्यूनिष्ट पार्टीहरु भित्र र बाहिर वैचारिक मतभेद टुट फुट र विभाजनहरु भएको कुरा अवगत नै छ । संसदिय व्यवस्थाको बाटो बाट समाजवादमा पुग्न नसकिने निस्कर्ष सहित नेपाल कम्यूनिष्ट पार्टीले एकिकृत जनक्रान्तिको कार्यदिशा मार्फत वैज्ञानिक समाजवादको लक्ष्य तय गरेको भएपनि प्रधान अन्तर विरोध दलाल पुजिँवाद विरुद्व तत्कालिन र दिर्वकालिन कार्यनितिहरु ठोस गर्न नसकेको, जनवादी क्रान्ति कि पुजिँवाद क्रान्ति पहिले भन्ने कुरा स्पष्ट नभएको, एकिकृत जनक्रान्तिको स्वरुप र प्रयोग पुरानै जनयुद्वको जस्तो भएको, जनवादको अभ्यास भन्दा केन्द्रियता मात्रा बढी हावी भएको, ध्वसात्मक कार्यबाटै मात्र क्रान्ति हुन्छ भन्ने चिन्तन शैलि र गतिविधी प्रति असहमत हुदै पारिवारिक समस्या र स्वास्थ्य स्थिती (प्रतिकुल) कारण नेपाल कम्यूनिष्ट पार्टी (विप्लव) जिल्ला सचिवालय सदस्य तथा विशेष विभाग प्रमुखको सबै जिम्मेवारी बाट राजिनामा दिएको घोषणा गर्दछु । आजैका मिति देखि पार्टी परित्याग गरेको घोषणा गर्दछु।

सन्तोष परियार

पोखरा १७, कास्की